# माध्यमिक तहमा शिक्षक निर्देशिकाको प्रयोग र प्रभावकारिता सम्बन्धी अध्ययन

त्रिभुवन विश्वविद्यालय
शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभागअन्तर्गत
स्नातकोत्तर तह, दोस्रो वर्षको नेपाली शिक्षा विषयको (नेपा.शि. ५९८)
पाठ्यांशको प्रयोजनार्थ प्रस्तुत शोधपत्र

शोधार्थी
रामजी आचार्य
त्रि.वि. दर्ता नं. : ९-१-४८-१४९९-९६
परीक्षा क्रमाङ्क : २८०५११/२०६२

नेपाली भाषा शिक्षा विभाग
शिक्षाशास्त्र सङ्काय
त्रिभुवन विश्वविद्यालय
कीर्तिपुर, २०६३

# निर्देशकको सिफारिस पत्र

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय नेपाली भाषा शिक्षा विभागअन्तर्गत स्नातकोत्तर तह दोस्रो वर्षको नेपाली शिक्षा विषयको नेपा.शि. ५९८ पाठ्यांशको प्रयोजनार्थ प्रस्तुत **माध्यमिक तहमा शिक्षक निर्देशिकाको प्रयोग र प्रभावकारितासम्बन्धीी अध्ययन** शीर्षकको शोधपत्र शोधार्थी **श्री रामजी आचार्य**ले मेरो निर्देशनमा तयार पार्नु भएको हो । यस शोधकार्यसँग म पूर्ण सन्तुष्ट छु । उहाँको अथक परिश्रम र लगनशीलताका साथ तयार गर्नुभएको प्रस्तुत अध्ययन समयसापेक्ष र मौलिक भएकाले यसको आवश्यक मूल्याङ्कनका लागि सिफारिस गर्दछु ।

मितिः २०६३/५/

शोधनिर्देशक

...............................

डा. केदारप्रसाद शर्मा
प्राध्यापक
नेपाली भाषा शिक्षा विभाग
शिक्षाशास्त्र सङ्काय
त्रि.वि. कीर्तिपुर

# स्वीकृत पत्र

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्कायअन्तर्गत विश्वविद्यालय क्याम्पस, नेपाली भाषा शिक्षा विभागका छात्र **श्री रामजी आचार्य**ले स्नातकोत्तर (एम.एड.) तहमा नेपाली विषयको नेपा.शि. ५९८ पाठ्यांशको प्रजोजनका लागि प्रस्तुत गर्नु भएको **माध्यमिक तहमा शिक्षक निर्देशिकाको प्रयोग र प्रभावकारितासम्बन्धी अध्ययन** शीर्षकको शोधपत्र सोही प्रयोजनका निमित्त उपयुक्त ठहरिएकाले स्नातकोत्तर उपाधिका लागि स्वीकृति प्रदान गरिएको छ ।

शोधपत्र मूल्याङ्कन समिति

| क्र.सं. | नाम | हस्ताक्षर |
|---|---|---|
| १. | सह.प्रा. भोजराज ढुंगेल | ............................ |
| २. | प्रा.डा. हेमाङ्गराज अधिकारी | ............................ |
| ३. | प्रा.डा. रामचन्द्र लंसाल | ............................ |
| ४. | प्रा.डा. केदारप्रसाद शर्मा | ............................ |
| ५. | डा. पारसमणि भण्डारी | ............................ |

मितिः २०६३/०५/०९

# कृतज्ञताज्ञापन

प्रस्तुत शोधपत्र एम.एड् दोस्रो वर्षको आठौं पत्रको प्रयोजनका लागि तयार पारिएको हो । यस कार्यले माध्यमिक तहको शिक्षक निर्देशिकालाई अझ बढी उद्देश्यमूलक, उपयोगी, व्यवहारिक र गुणस्तरीय बनाउन सहयोग पुऱ्याउने आशा लिएको छु ।

यस शोधपत्रको शीर्षक चयन, सामग्री सङ्कलन विश्लेषण, परिमार्जित र परिष्कृत तुल्याइ उत्कृष्ट शोध तयार होस् भन्ने अभिप्रायले निकै दौड धुप र परिश्रम गर्न लगाए तापनि अन्योलताको स्थितिमा आवश्यक निर्देशन, सल्लाह र उत्साहजनक प्रेरणा दिने शोध निर्देशक श्रद्धेय गुरुवर **प्रा.डा. केदारप्रसाद शर्मा**ज्यूप्रति हार्दिक कृतज्ञताज्ञापन गर्दछु ।

शोध अनुसन्धनात्मक रूपमा व्यवहारिक र वास्तविक तथ्यहरूका आधारमा निष्कर्षमा पुगिने विषय हो । यसमा सम्बन्धित विषयका विज्ञ, विशेषज्ञ सम्बन्धित निकायहरू समेतको सहयोग आवश्यक हुन्छ । यसैक्रममा प्रस्तुत शोधपत्र तयार पार्नका लागि उचित राय, सुझाव र महत्त्वपूर्ण निर्देशन दिनु भएर शोधपत्र लेखन कार्यमा प्रोत्साहित गर्नुहुने विश्वविद्यालय क्याम्पस शिक्षाशास्त्र सङ्काय नेपाली भाषा शिक्षा विभागका श्रद्धेय गुरु **प्रा.डा. हेमा॰राज अधिकारी, प्रा.डा. रामचन्द्र लम्साल, डा. पारसमणि भण्डारी**प्रति कृतज्ञता ज्ञापन गर्दछु । प्रस्तावित शोध स्वीकृत गर्नेदेखि शोधपत्र तयार पारूञ्जेल निरन्तर प्रेरणा प्रदान गर्नुहुने आदरणीय गुरु विभागीय प्रमुख **श्री भोजराज ढुंगेल** तथा छोटो समयमा महप

वपूर्ण सल्लाह र प्रोत्साहन गर्नुहुने गुरु डा. यादवप्रकाश लामिछाने, सह.प्रा. महेश्वर न्यौपानेप्रति कृतज्ञ छु । साथै प्रस्तुत शोधका लागि महत्त्वपूर्ण सामग्री सल्लाह उपलब्ध गराई सहयोग गर्नु हुने **सुकदेव सापकोटा** (शैक्षिक जनशक्तिविकास केन्द्र) आदरणिय गुरु **सर्वराजआचार्य** (पृ.ना.क्या), **चन्द्रकान्त अधिकारी** (गण्डकी आ.उ.मा.वि) प्रति विशेष आभारी छु । यो शोध पूरा गर्न आवश्यक तथ्याङ्क प्राप्त हुने स्रोत नै विद्यालय हो । यदी विद्यालयको तथ्याङ्कलाई शोधबाट झिकिदिने हो भने प्रस्तुत शोध अपाङ्ग हुन्छ यस्तो महत्त्वपूर्ण तथ्याङ्क सङ्कलनका लागि कक्षा अवलोकन गर्न दिनुहुने कास्की र काठमाडौंका सम्पूर्ण प्रधानाध्यपकज्यूहरू तथा प्रश्नावलीमार्फत तथ्याङ्क उपलब्ध गराएर शोधको प्रयोजन पूरा गराउन आफ्नो

व्यस्तताका बाबजुत पनि महत्त्वपर्ण सहयोग पुऱ्याउनु हुने कास्की र काठमाडौंका नेपाली गुरुहरू प्रति म कृतज्ञ छु ।

प्रस्तुत शोध स्नातकोत्तरतहको व्यवहारिक अध्ययनको महत्त्वपूर्ण खुड्किलो हो । प्रत्येक खुड्किलाहरू पार गर्दै गन्तव्य सम्म पुग्न सफल भएकोमा म गर्भान्वित छु । यस्तो गौरव मय क्षण देख्नको लागि आफ्नो सम्पूर्ण शक्तिहरू खर्चेर पढाइमा उत्प्रेरणा प्रदान गर्दै निरन्तर लागिरहनु हुने पुज्यनिय बुवा **श्री केदारनाथ आचार्य,** आमा श्रीमती **सन्तुमाया आचार्य** र हजुरआमा द्रौपती आचार्यप्रति म सदा ऋणी छु । उहाँहरूको अनुहारमा खुसी भर्न दिलोज्याने लागि रहने प्रण गर्दछु । यसका साथै तथ्याङ्क सङ्कलन गर्ने क्रममा सहयोग गर्ने मित्रहरू कृष्ण ज्ञवाली, कृष्ण जैसी, शेषकान्त पाण्डे, अनिल भट्टराई, दिपक बराल, राधाकृष्ण देवकोटा, भाइहरू लक्ष्मण आचार्य, विष्णु आचार्य, मदन आचार्य, बहिनीहरू पार्वती आचार्य, सरस्वती आचार्य, तथा दिदी-भिनाजु, मामा-माइजुप्रति धन्यवादज्ञापन गर्दछु । यो शोधपत्र तयार गर्ने क्रममा प्रत्यक्ष, अप्रत्यक्ष रूपमा सहयोग पुऱ्याउने विद्वानवर्ग, विषयविज्ञ र अन्य शुभेच्छुक सबैमा सामूहिक आभार प्रकट गर्न चाहन्छु ।

त्यसै गरी विविध स्रोत र सन्दर्भसामग्री उपलब्ध गराइ सहयोग गर्ने त्रि.वि. केन्द्रीय पुस्तकालय, सी.आर.सी. पुस्तकालय सम्प्रेषण पुस्तकालय, नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान पुस्तकालय, पाठ्यक्रम विकास केन्द्र पुस्तकालय, शैक्षिक जनशक्तिविकास केन्द्र पुस्तकालय, पश्चिमाञ्चल क्षेत्रीय पुस्तकालय साथै जिल्ला शिक्षा कार्यालय कास्की र काठमाडौंप्रति आभार प्रकट गर्दछु । प्रस्तुत शोधपत्रलाई यथासमयमा शुद्धसँग टङ्कन गरी गुण लगाउनुहुने ***जी कम्प्युटर सेन्टर,*** कीर्तिपुरका जितेन महर्जन र विवेक महर्जनलाई हार्दिक धन्यवाद दिन चाहन्छु ।

प्रस्तुत शोधपत्रको तथ्याङ्क सङ्कलन गर्ने समयमा देशमा भएको ऐतिहासिक जनआन्दोलनको क्रममा आफू स्वयं गम्भिर घाइते हुन पुगेको, वर्से विदा, एस.एल.सी. कपी परीक्षण र अन्य प्राविधिक कठिनाइका कारण सामग्री सङ्कलनमा केही त्रुटि हुन पुगेका हुन सक्दछन् । ती कमजोरीहरू स्वीकार गर्दै, यो शोधपत्र तयार गर्न प्राप्त महŒवपूर्ण तथ्याङ्क विचारहरू र सहयोगप्रति हार्दिक कृतज्ञता प्रकट गर्दै प्रस्तुत शेधपत्रको आवश्यक मूल्याङ्कनका लागि नेपाली भाषा शिक्षा विभाग समक्ष प्रस्तुत गर्दछु ।

**शोधार्थी**
**रामजी आचार्य**

# शोधसार


**शोधशीर्षकः** माध्यमिक तहको शिक्षक निर्देशिकाको प्रयोग र प्रभावकारितासम्बन्धी अध्ययन

**शोधार्थीः** रामजी आचार्य

**शोधनिर्देशकः** प्रा.डा. केदारप्रसाद शर्मा

**विभागः** नेपाली भाषा शिक्षा विभाग विश्वविद्यालय क्याम्पस, कीर्तिपुर, काठमाडौं ।

**संरचनाः** सात परिच्छेद (९५+२०²११५ पृ.)

प्रस्तुत शोध एम.एड. दोस्रो वर्षको नेपा.शि. ५९८ को प्रयोजनका लागि तयार पारिएको हो । शीर्षक नयाँ भएकाले यसका थुप्रै चुनौती र अप्ठ्याराहरु पार गर्दै अन्ततगत्व नयाँ विषयको शोध तयार गरिएको छ । यसले स्नाकोत्तर उपाधिका लागि मात्र नभई सैद्धान्तिक र व्यवहारिक पक्षको समेत यथातथ्यलाई खोज गर्न अनुसन्धाता तथा शिक्षा क्षेत्रका विज्ञहरूको लागि थप जिम्मेवारी महसुस गराउन सक्ने अपेक्षा गरिएको छ । शोधको मूल उद्देश्य पाठ्यक्रम, पाठ्यपुस्तक र निर्देशिका बीचको अन्तरसम्बन्ध पहिल्याउनु, वर्तमान विद्यालयहरूमा यसको प्रयोग र प्रभावकारिता पत्ता लगाउनुको साथै यसका सबल र दुर्बल पक्षहरु केलाउँदै सुधारको लागि सुझाव दिनु पनि रहेको छ । प्रस्तुत शोध सम्बन्धित क्षेत्रमा नै पुगी खोजमुलक रुपमा तयार गरिएको हुँदा शिक्षक, विद्यार्थी, विषयविज्ञ तथा सम्बन्धित निकायका लागि महत्त्वपूर्ण र उपयोगी हुने अपेक्षा लिइएको छ ।

अनुसन्धान आफैमा जटिल र गहन कार्य हो जुन विद्यार्थी जीवनको एउटा महत्त्वपूर्ण र उच्च सफलता पनि हो । अध्ययनमा सबै पक्षका वास्तविक तथ्यलाई बाहिर ल्याउन समय, स्रोत र अन्य सीमाहरु रहेका छन् । त्यसैले प्रस्तुत अध्ययनमा कास्की र काठमाडौंका सरकारी र निजी गरी ३० विद्यालयलाई मात्र नमुनाका रूपमा छनोट गरिएको छ । ती नमुनाहरूलाई प्राथमिक स्रोतका रूपमा शिक्षक प्रश्नावली, कक्षा अवलोकन र विज्ञहरूसँगको अन्तरवार्ता तथा द्वितीय स्रोतमा पत्र-पत्रिका, प्रकाशित र अप्रकाशित लेखहरू शोधसम्बन्धी पुस्तकहरू र शिक्षक तालिम सामग्रीका माध्यमबाट तथ्याङ्क सङ्कलन गरी सकेसम्म वैज्ञानिक रूप दिन तालिका र सामान्य साङ्खिकीय विधिको प्रयोग गरी व्याख्या र विश्लेषण गरिएको छ ।

## शोधनिष्कर्ष

(१) प्रस्तुत शोधले निर्देशिकाको महत्व र प्रभावकारितालाई स्पष्ट पारेको छ ।

(२) प्राप्त स्रोतहरुको विश्लेषणबाट शिक्षकनिर्देशिका शिक्षकहरूको लागि महत्त्वपूर्ण अत्यावश्यक सामग्री सावित भएको देखिन्छ ।

(३) समयाभाव, तालिमको व्यवस्था नहुनु, समयानुकूल निर्देशिका परिमार्जन नहुनु र समयमा निर्देशिका विद्यालयमा पुऱ्याउन नसक्नुले शिक्षकलाई निर्देशिकाअनुसार शिक्षणमा कठिन भएको प्रस्तुत अध्ययनले देखाएको छ ।

(४) निर्देशिका समय सापेक्ष परिमार्जन गरी यसको महत्त्व र आवश्यकता प्रष्ट पार्न पर्ने देखिन्छ ।

शोधार्थी
रामजी आचार्य

# विषयसूची


| | पृष्ठ |
|---|---|
| **परिच्छेद - एक** | |
| **शोधप्रतिवेदन** | **१.१४** |
| १.१ शोधशीर्षक | १ |
| १.२ शोधप्रयोजन | १ |
| १.३ समस्यँको कथन | १ |
| १.४ अध्ययनका उद्देश्यहरू | ३ |
| १.५ पूर्वकार्यको समीक्षा | ४ |
| १.६ अध्ययनको औचित्य र महत्त्व | १० |
| १.७ अध्ययनका सीमाहरू | १२ |
| १.८ शोधविधि | १३ |
| १.९ शोधपत्रको रूपरेखा | १४ |
| **परिच्छेद दुई** | |
| **पाठ्यक्रम, पाठ्यपुस्तक र शिक्षक निर्देशिकाको परिचय** | **१५.२३** |
| २.१ भाषा पाठ्यक्रमस्रोतः | १५ |
| २.२ नेपाली भाषा पाठ्यपुस्तक | १८ |
| २.३ नेपाली शिक्षक निर्देशिका | २१ |
| **परिच्छेद - तीन** | |
| **पाठ्यक्रम, पाठ्यपुस्तक र शिक्षक निर्देशिकाबीचको अन्तरसम्बन्ध** | **२४.३६** |
| ३.१ परिचय | २४ |
| ३.२ शिक्षक निर्देशिकाको आवश्यकता र महत्त्व | २७ |
| ३.३ शिक्षक निर्देशिकाको प्रयोग | २८ |
| **परिच्छेद - चार** | |
| **पाठ्यक्रम र पाठ्यपुस्तक अनुरूपताका दृष्टिले वर्तमान माध्यमिक तहको निर्देशिकाको अध्ययन** | **३७.६६** |
| ४.१ परिचय | ३४ |

**परिच्छेद पा“च**

**शिक्षक प्रश्नावलीमार्फत प्राप्त तथ्यको व्याख्या र विश्लेषण** ४८.

५.१ परिचय ४८

५.२ आन्तरिक आधारमा निर्देशिकाको अध्ययन विश्लेषण ४६

५.२.१ पाठ्यक्रम र पाठ्यपुस्तकसम्बन्धी शिक्षकहरूबाट प्राप्त तथ्यको विश्लेषण ५०

५.२.२ भाषिक सीपसम्बन्धी शिक्षकहरूबाट प्राप्त तथ्यको विश्लेषण ५१

५.२.३ उपयुक्तता र व्यवहारिकतासम्बन्धी शिक्षकहरूबाट उपलब्ध तथ्यको विश्लेषण ५३

५.२.४ भाषिक सीप र सिर्जनात्मक अभ्याससम्बन्धी शिक्षकहरूबाट प्राप्त तथ्यको विश्लेषण ५७

५.३ वा¤य पक्षका आधारमा शिक्षकद्वारा प्राप्त तथ्यको विश्लेषण ५६

५.४ व्यवहारिकता र प्राप्यताका दृष्टिकोणमा शिक्षकहरूद्वारा प्राप्त तथ्यको विश्लेषण ६०

५.५ विधाहरूको सन्तुलन तथा शैक्षिक सामग्रीको अवस्थासम्बन्धी शिक्षकहरूबाट प्राप्त तथ्यको विश्लेषण ६३

५.६ अन्य विविध पक्षका आधारमा शिक्षकहरूबाट प्राप्त तथ्यको विश्लेषण ६६

**परिच्छेद-छ**

**कक्षा अवलोकनबाट प्राप्त तथ्याङ्कको व्याख्या र विश्लेषण** ७०.७५

**परिच्छेद-सात**

**निष्कर्ष र सुझाव** ७६.६२

७.१ निष्कर्ष ७६

७.१.१ सवल पक्षहरू ७८

७.१.२ दुर्बल पक्ष ८०

७.२ सुझावहरू ८५

७.३ शैक्षणिक प्रयोजन ८७

७.४ अध्ययनका कमीकमजोरीहरू ८६

७.५. भावी अध्ययनका लागि सम्भावित शीर्षकहरू ६१

**सन्दर्भसूची** ६३.६५

**परिशिष्टहरु**

# सङ्क्षेपीकृत शब्दसूची

| क्र.सं. | सङ्क्षिप्तरूप | पूर्णरूप |
|---|---|---|
| १. | आ. | आवासीय |
| २. | उ.मा.वि. | उच्च माध्यमिक विद्यालय |
| ३. | उ.रा.शि.आ. | उच्चस्तरीय राष्ट्रिय शिक्षा आयोग |
| ४. | क्र.सं. | क्रम सङ्ख्या |
| ५. | कै | कैफियत |
| ६. | जि.शि.का. | जिल्ला शिक्षा कार्यालय |
| ७. | निर्देशिका | नेपाली भाषा शिक्षक निर्देशिका |
| ८. | पा.वि.के. | पाठ्यक्रम विकास केन्द्र |
| ९. | प्रा.वि. | प्राथमिक विद्यालय |
| १०. | प्रा.डा. | प्राध्यापक डाक्टर |
| ११. | पृ.ना.क्या. | पृथ्वीनारायण क्याम्पस |
| १२. | मा.वि. | माध्यमिक विद्यालय |
| १३. | रा.शि.आ. | राष्ट्रिय शिक्षा आयोग |
| १४. | रा.शि.प.यो. | राष्ट्रिय शिक्षा पद्धतिको योजना |
| १५. | वि.सं. | विक्रम सम्वत् |
| १६. | शि.म. | शिक्षा मन्त्रालय |
| १७. | पृ. | पृष्ठ |
| १८. | सं. | संस्करण |
| १९. | सर | सरकारी |
| २०. | सह.प्रा. | सहायक प्राध्यापक |